# पर्यटकीय नगरी

# सूर्योदय

## स्थानीय पाठ्यक्रम
## (कक्षा १-८)

# तहगत सक्षमता (कक्षा १-८)

कक्षा १-८ का विद्यार्थीमा निम्नानुसारको सक्षमता रहने छ :

१) पर्यटकीय नगरी सूर्योदय नगरपालिका र स्थानीय सरकारको गतिविधिका विषयमा आधारभूत जानकारी

२) आफ्नो धर्म, संस्कार, चाडपर्व, जात्रा, मेला, मठमन्दिर, गुम्बा, मस्जिद, चर्चजस्ता परस्परा र सम्पदाको पहिचान

३) वातावरणीय सरसफाइ र घरायसी पशुपालन, दुग्धजन्य व्यवसाय र कृषि प्रणालीको उपयोग

४) स्वास्थ्य, स्वस्थ खानपान, सन्तुलित भोजन, योगासन र ध्यानका विषयमा जानकारी हासिल

५) प्राकृतिक तथा मानव सिर्जित संरचनाबाट उत्पन्न हुने विपद्बाट सुरक्षा र बच्ने उपाय अवलम्बन

६) हाम्रा नैतिक मूल्य मान्यता र सदाचारका विषयमा प्राप्त भएका ज्ञान र सूचनाको दैनिक व्यवहारमा अनुसरण र उपयोग

७) प्राकृतिक सम्पदा र स्रोतहरुको पहिचान र उपयोग तथा परिचालन

८) समुदाय, प्रहरी र नागरिक समाजको भूमिका र अन्तरसम्बन्धबाट विकसित हुने सामुदायिक सचेतना र आधारभूत सुरक्षाका उपायहरू अवलम्बन

९) पर्यटकीय नगरीका रुपमा नगरको विकास गर्ने रणनीतिक योजना अवलम्बन

## कक्षागत सिकाइ उपलब्धि

### कक्षा १

कक्षा १ को अन्तमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

१) सूर्योदय नगरपालिका र वडाको परिचय दिन,

२) स्थानीय समाजको बनोट, मठमन्दिर र चाडपर्वहरूको जानकारी दिन,

३) व्यक्तिगत सरसफाइ तथा घरआँगनको सरसफाइको परिचय र महत्व बताउन,

४) आफ्ना स्वास्थ्य, स्वस्थकर खाना तथा योगको जानकारी दिन,

५) विपद्को परिचय दिन,

६) हाम्रा आधारभूत नैतिक नियमको पालना गर्न,

७) प्राकृतिक सम्पदा र स्रोतको विषयमा जानकारी लिन,

८) हाम्रो समुदाय र प्रहरीको भूमिका बताउन ।

९)	प्राकृतिक स्रोत र सम्पदाको सूचना र जानकारी लिन

१०)	पर्यटनको विषयमा जानकारी हासिल गर्न,

११)	पर्यटकको विषयमा सूचना र जानकारी लिन तथा दिन

## कक्षा २

कक्षा २ को अन्तमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

१)	सूर्योदय नगरपालिकाको सामाजिक सांस्कृतिक पक्षको परिचय दिन,

२)	स्थानीय समाजको बनोट, मठ मन्दिर र चाडपर्वको जानकारी दिन,

३)	व्यक्तिगत सरसफाइ तथा कोठा र कक्षाकोठाको सरसफाइ गर्न,

४)	अस्वस्थकर खानाबाट हुने हानी बताउन,

५)	योगासनको चिनारी दिन,

६)	विपद्को जानकारी दिन,

७)	आफ्नो नैतिक मूल्य मान्यताको परिचय दिन,

८)	प्राकृतिक सम्पदा र स्रोतको जानकारी दिन

९)	बाल अधिकारको परिचय दिन,

१०)	समुदायको सुरक्षाका लागि प्रहरीको काम बताउन,

११)	पर्यटकका विषयमा जानकारी लिन र दिन,

१२)	पर्यटन व्यवसायको जानकारी दिन ।

## कक्षा ३

कक्षा ३ को अन्तमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

१) सूर्योदय नगरपालिका, नगरसरकार र समुदायको सम्बन्ध बताउन,

२) आफ्ना समाजको बनोट, मठमन्दिर र चाडपर्व तथा धर्म संस्कारको पहिचान गर्न,

३) व्यक्तिगत सरसफाइ तथा विद्यालयको सरसफाइ गर्न,

४) फोहोरमैला सङ्कलन गर्ने तरिका बताउन,

५) आफू स्वस्थ रहन र सन्तुलित तथा स्थानीय खानपानको प्रयोग गर्न,

६) योगासनका सामान्य आसन बताई त्यसलाई प्रयोगमा ल्याउन,

७) विपद्बाट जोगिने उपायहरू बताउन,

८) असल व्यवहार प्रदर्शन गर्दै परिवार र समाजप्रतिको कर्तव्य पालना गर्न,

९) प्रकृतिबाट पाइने चिजवस्तुहरुको सरल उपयोग गर्न,

१०) प्राकृतिक सम्पदाको परिचय लिन र दिन

११) सामुदायिक प्रहरी र समुदाय साझेदारीको सम्बन्ध बताउन,

१२) पर्यटनको विषयमा आधारभूत जानकारी लिन,

१३) पर्यटन व्यवसायलाई विस्तार गर्न,

## कक्षा ४

कक्षा ४ को अन्तमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

१) सूर्योदय नगरको भौगोलिक अवस्था र मौलिक विशेषताको परिचय दिन ,

२) स्थानीय सरकारको परिचय दिन र विकासका गतिविधिहरू बताउन,

३) समाजको महत्व र विशेषता बताउन,

४) आफ्नो मठमन्दिर, चाडपर्व, जात्रा तथा उत्सव र परम्परासँग सम्बन्धित मौलिक संस्कृतिको महत्व बताउन,

५) वातावरणीय सरसफाइको महत्व बताउन,

६) फोहोरमैला सङ्कलन, वर्गीकरण गर्न,

७) फोहोरमैला विसर्जन गर्ने तरिका बताउन,

८) फोहोरमैलाबाट मल बनाई त्यसलाई हरियाली कायम गर्ने प्रयोजनका लागि उपयोग गर्न,

९) आफ्नो मौलिक आहारको प्रयोग गर्न,

१०) योगासन, ध्यान र यसको महत्व बताउन,

११) प्राकृतिक र मानव सिर्जित विपद्को परिचय दिन,

१२) प्राकृतिक र मानव सिर्जित विपद्का कारण बताउन,

१३) आफ्नो अग्रज र अभिभावकप्रति मर्यादा राख्न,

१४) पारिवारिक मर्यादा कायम राख्न र संस्कार बताउन,

१५) प्राकृतिक सम्पदाको पहिचान गर्न,

१६) सुरक्षाको अवधारणा बताउन,

१७) सामुदायिक प्रहरी र समुदायको सम्बन्ध बताउन,

१८) पर्यटन र पर्यटन व्यवसायको अवधारणा बताउन ।

## कक्षा ५

कक्षा-५ को अन्तमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

१) सूर्योदय नगरपालिकाको सामाजिक सांस्कृतिक अवस्था बताउन,

२) नगर कार्यपालिकाको गठन प्रक्रिया बताउन,

३) स्थानीय सरकारको महत्व र आवश्यकता बताउन,

४) नगरका आर्थिक विकासका स्रोतहरूको जानकारी दिन,

५) आफ्ना समाजका मौलिक विशेषताहरू बताउन,

६) आफ्नो मठमन्दिरको परिचय दिन,

७) चाडपर्व, जात्रा तथा उत्सवमा सहभागी हुन,

८) वातावरणीय स्वास्थ्य र स्वस्थ जीवनको महत्व बताउन,

९) फोहोरमैला व्यवस्थापनका उपायहरू बताउन,

१०) करेसाबारी र अन्य खेतीका रुपमा नगदेबाली खेतीको महत्व बताउन,

११) सन्तुलित भोजनको प्रयोगले हुने फाइदा बताउन,

१२) योग र प्राणायमबाट हुने फाइदा बताउन,

१३) प्राकृतिक विपद्का रूपहरू बताई तिनबाट बच्न पूर्व तयारी गर्न,

१४) मानव सिर्जित विपद्बाट बच्ने उपाय बताउन,

१५) विपद्बाट उत्पन्न समस्याको न्यूनीकरण गर्ने उपाय खोज्न,

१६) आफ्नो अग्रजप्रति मर्यादा राख्न,

१७) ठुलालाई सम्मान दिन र सानालाई माया गर्न,

१८) प्रकृतिबाट प्राप्त हुने सम्पदाको सरल उपयोग गर्न,

१९) सामुदायिक प्रहरीको भूमिका बताउन तथा साझेदारीका क्षेत्र पत्ता लगाउन,

२०) पर्यटन र पर्यटन व्यवसायको मर्म बुझी त्यसलाई व्यवहारमा अवलम्बन गर्न,

## कक्षा ६

कक्षा ६ को अन्तमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

१) सूर्योदय नगरको प्राकृतिक अवस्थाको विस्तृत जानकारी दिन,

२) नगर शिक्षा कार्यालयको परिचय दिन र नगरका शिक्षण संस्थाहरूको जानकारी दिन,

३) स्थानीय सरकारको सञ्चालन प्रक्रिया बताउन,

४) आफ्नानगरका ऐतिहासिक, सांस्कृतिक र धार्मिक महत्वका क्षेत्र बताउन,

५) धार्मिक सांस्कृतिक सम्पदाको महत्व र उपयोगिता बताउन,

६) आफ्नावरिपरिको वातावरण सरसफाइ गरी हरियाली कायम राख्न,

७) फोहोरमैलाको स्रोत वर्गीकरण गरी प्रयोग, पुनः प्रयोग र विसर्जन गर्ने विधि बताउन,

८) कम्पोस्ट मल तथा प्राङ्गारिक मल उत्पादन गर्ने तरिका बताउन,

९) करेसाबारी खेतीका रुपमा लगाइने बालीमा विषादीको असर बताउन,

१०) चिया र अलैची खेतीका क्षेत्र बताउन,

११) योगासनका प्रकार तथा आसनहरू बताउन,

१२) ध्यानको अभ्यास गर्न,

१३) मिसावटयुक्त र अस्वस्थकर खाद्यपदार्थको प्रयोगले हुने हानी बताउन,

१४) स्वस्थकर तथा सन्तुलित खानपानले मानव स्वास्थ्यमा पार्ने सकारात्मक प्रभाव बताउन,

१५) प्राकृतिक विपद्का रूपहरू बताउन,

१६) मानव सिर्जित विपद्को परिचय दिई यसका कारण बताउन,

१७) विपद्बाट बच्न सचेतना कार्यक्रम सञ्चालन गर्न,

१८) नैतिक आचरण, सदाचार र अनुशासनको पालना गर्न,

१९) असल नागरिक बन्न र परिवार तथा समाजप्रतिको भूमिका निर्वाह गर्न,

२०) प्राकृतिक स्रोत र सम्पदाको महत्व बताउन,

२१) वनस्पतिका खास क्षेत्र बताउन

२२) समुदाय, प्रहरी र नागरिकको भूमिका बताउन,

२३) बालबालिका सुरक्षाको महत्व बुझी यसका उपाय बताउन,

२४)  बालश्रम शोषण, बाल दुर्व्यवहार, बाल अपहरण तथा मानव बेचबिखनजस्ता अपराधप्रति सचेत रहन,

२५)  पर्यटन व्यवसायलाई आधारभूत रुपमा उपयोग गर्न र साधारण जीवनयापन गर्न

## कक्षा ७

कक्षा ७ को अन्तमा विद्यार्थीहरू निम्नलिखित कार्यमा सक्षम हुनेछन् :

१)  सूर्योदय नगरपालिकाको नामकरण र यसका ऐतिहासिक विशेषता बताउन,

२)  स्थानीय सरकारका योजनाको कार्यान्वयनमा नागरिकको भूमिका बताउन,

३)  स्थानीय उपभोक्ताका समस्या पहिचान गरी समाधानका उपाय बताउन,

४)  हाम्रा धार्मिक मूल्य, मान्यता र सामाजिक संस्कारहरू उल्लेख गर्न,

५)  मठमन्दिर तथा चाडपर्वहरूको महत्व बताउन,

६)  सड्ने र नसड्ने फोहोरको उपयोग तथा सुरक्षित व्यवस्थापन गर्न,

७)  सरसफाइ र फोहोरमैला व्यवस्थापन निकायसँग मिलेर काम गर्न,

८)  नगरलाई सुन्दर, सफा र स्वच्छ बनाउन,

९)  वृक्षरोपण र वनको संरक्षण गरी हरित वातावरण कायम गर्न,

१०)  चिया खेती र अलैची खेतीका क्षेत्र र प्रयोग बताउन,

११)  योगासन र स्वास्थ्यको अन्तरसम्बन्ध बताउन,

१२)  स्थानीय स्तरमा उपलब्ध खाद्यस्रोतबाट सन्तुलित आहार तयार गरी प्रयोग गर्न,

१३)  स्थानीय क्षेत्रमा पाइने औषधीय गुण भएका वनस्पतिजन्य वस्तुको जानकारी लिई सोको प्रयोग गर्न,

१४)  खाद्यपदार्थमा न्यून गुणस्तरीय वस्तुको मिसावटको नकारात्मक प्रभाव बताउन,

१५)  धूमपान र मद्यपानको असर बताई यसबाट बच्न,

१६)  प्राकृतिक विपद्का असर र समाधानका उपाय बताउन,

१७)  मानव सिर्जित विपद्बाट उत्पन्न असर र समाधानका उपाय बताउन,

१८)  आत्मानुशासन र चरित्र निर्माणको महत्व बुझी सोको अनुशरण गर्न,

१९)  व्यक्तिको सर्वाङ्गीण विकासमा अनुशासनको महत्व बताउन,

२०) प्राकृतिक स्रोत र सम्पदाको महत्व र उपयोगिता बताउन

२१) पशुपालन गरी दुग्धजन्य चिजवस्तु उत्पादन गर्न,

२२) 'समुदाय, विद्यालय र प्रहरी साझेदारी अभियानमा सहभागी हुन,

२३) सडक सुरक्षामा प्रहरीको भूमिका बताउन,

२४) प्रतिबन्धित सरसामानको जानकारी दिन,

२५) अपराध न्यूनीकरणमा प्रहरी र समुदायको भूमिकाको अन्तरसम्बन्ध बताउन,

२६) पर्यटन व्यवसायलाई नगरको विकासको मूल आधारका रुपमा रुपान्तरित गर्न ।

**कक्षा ८**

कक्षा-८ को अन्तमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

१) सूर्योदय नगरपालिकाको समसामयिक परिचय दिन,

२) नगरसभाको गठन र यसका कार्य बताउन,

३) नगरप्रमुख र उपप्रमुखका कार्य बताउन,

४) नगर न्यायिक समितिको भूमिका बताउन,

५) स्थानीय औद्योगिक, प्राविधिक, पेसागत तथा सामाजिक संघसंस्थाको जानकारी दिन,

६) धार्मिक सांस्कृतिक मूल्यमान्यता र तिनको भूमिका बताउन,

७) धार्मिक सहिष्णुता र यसको महत्व बताउन,

८) स्वच्छ, सफा र हराभरायुक्त नगर निर्माणमा सहभागी हुन,

९) चिया र अलैची खेतीलाई व्यवसायिक खेतीका रुपमा विकास गर्न,

१०) फोहोरमैलाको व्यवस्थापनमा व्यक्तिगत र संस्थागत सहभागिता जनाउन,

११) प्राङ्गारिक मलको प्रयोग गरी अर्गानिक खेती गर्न,

१२) आकाशे पानीको सङ्कलन, संरक्षण गरी प्रयोग गर्न,

१३) प्रदूषण नियन्त्रणका उपायहरू बताउन,

१४) स्वास्थ्यमा योग र प्राणायामको भूमिका बताउन र प्रयोग गर्न,

१५) दुर्व्यसन नियन्त्रणमा व्यक्ति, परिवार, समुदाय र स्थानीय सरकारको भूमिका बताउन,

१६) प्राकृतिक विपद्का रूपहरू बताई तिनबाट बच्न,

१७) मानव सिर्जित विपद् न्यूनीकरणका उपायहरू बताउन,

१८) विपद पूर्वसतर्कता र सचेतना कार्यक्रम सञ्चालन गर्न,

१९) असल नागरिकका जिम्मेवारी र भूमिका बताउन,

२०) अन्तु डाँडा र पोखरीको सौन्दर्य बढाइ पर्यटकीय गन्तव्य बनाउन,

२१) प्राकृतिक सम्पदा र स्रोतको उपयोग गर्न,

२२) पशुपालन र दुग्धजन्य व्यवसाय सञ्चालन गर्न,

२३) सहअस्तित्व, समन्वय र सहकार्यको भूमिका र महत्व उल्लेख गर्न,

२४) समुदायको सुरक्षामा सामुदायिक प्रहरीको दायित्व उल्लेख गर्न,

२५) सुरक्षा र विपद् व्यवस्थापनमा प्रहरीको भूमिका र साझेदारीबाट हुने उपलब्धि बताउन,

२६) पर्यटकीय नगरीका रुपमा सूर्योदय नगरपालिकालाई चिनाउन,

२७) होमस्टेलाई आदर्श बसोबासको केन्द्र बनाइ सिङ्गो ईलामलाई परिचित गराउन

## विषयवस्तुको क्षेत्र र क्रम

| | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| क्र.सं. | विषयवस्तु | विषयवस्तु | विषयवस्तु |
| १ | **हाम्रो नगरपालिका र स्थानीय सरकार** | **हाम्रो नगरपालिका र स्थानीय सरकार** | **हाम्रो नगरपालिका र स्थानीय सरकार** |
| | क) नगरपालिकाको भौगोलिक परिचय<br>ख) वडाको परिचय<br>ग) वडा कार्यालय<br>*प्रयोगात्मक कार्य* | क) नगरपालिकाको सामाजिक सांस्कृतिक परिचय<br>ख) नगरपालिका कार्यालयको परिचय<br>ग) नगरपालिका कार्यालय र समुदाय<br>*प्रयोगात्मक कार्य* | क) नगरपालिकाको राजनीतिक परिचय<br>ख) नगर सरकारको परिचय<br>ग) नगर सरकार र समुदाय<br>*प्रयोगात्मक कार्य* |
| २ | **समाजः धर्म र जातजाति** | **समाजः धर्म र जातजाति** | **समाजः धर्म र जातजाति** |
| | क) समाजको जातीय बनोट<br>ख) मठमन्दिरहरू<br>ग) चाडपर्वहरू<br>*प्रयोगात्मक कार्य* | क) समाज भाषिक बनोट<br>ख) मठमन्दिरहरू<br>ग) चाडपर्वहरू<br>*प्रयोगात्मक कार्य* | क) समाज र धार्मिक बनोट<br>ख) मठमन्दिरहरू<br>ग) चाडपर्वहरू<br>*प्रयोगात्मक कार्य* |
| ३ | **वातावरण र सरसफाइ** | **वातावरण र सरसफाइ** | **वातावरण र सरसफाइ** |
| | क) सरसफाइको परिचय र महत्व<br>ख) व्यक्तिगत सरसफाइ<br>ग) घर आँगनको सरसफाइ<br>*प्रयोगात्मक कार्य* | क) व्यक्तिगत सरसफाइको महत्व<br>ख) कोठा र कक्षाकोठाको सरसफाइ<br>ग) फोहोर सङ्कलन<br>*प्रयोगात्मक कार्य* | क) व्यक्तिगत सरसफाइको भूमिका<br>ख) विद्यालयको सरसफाइ<br>ग) फोहोर सङ्कलन र व्यवस्थापन<br>*प्रयोगात्मक कार्य* |
| ४ | **हाम्रो स्वास्थ्यः योगासन, ध्यान तथा खानपान** | **हाम्रो स्वास्थ्यः योगासन, ध्यान तथा खानपान** | **हाम्रो स्वास्थ्यः योगासन, ध्यान तथा खानपान** |
| | क) स्वास्थ्य परिचय<br>ख) स्वस्थकर खाना<br>ग) योगासन, ध्यान र स्वास्थ्य<br>*प्रयोगात्मक कार्य* | क) स्वास्थ्य महत्व<br>ख) अस्वस्थकर खानाबाट हुने हानी<br>ग) योगासन र ध्यानको चिनारी (कुनै एक)<br>*प्रयोगात्मक कार्य* | क) हामी र हाम्रो स्वास्थ्य<br>ख) पोषणयुक्त खाना<br>ग) योगासन र ध्यान<br>*प्रयोगात्मक कार्य* |
| ५ | **सुरक्षा र विपद् व्यवस्थापन** | **सुरक्षा र विपद् व्यवस्थापन** | **सुरक्षा र विपद् व्यवस्थापन** |
| | क) विपद्को परिचय | क) विपद् र तिनका कारण | क) विपद्को असर/जोखिम |

| | | | |
|---|---|---|---|
| | ख) प्राकृतिक विपद्<br>ग) मानव सिर्जित विपद्<br>*प्रयोगात्मक कार्य* | ख) प्राकृतिक विपद्का असर<br>ग) मानव सिर्जित विपद्का असर<br>*प्रयोगात्मक कार्य* | ख) विपदको व्यवस्थापन<br>ग) विपद्को रोकथाम<br>*प्रयोगात्मक कार्य* |
| ६ | **नैतिक मूल्य मान्यता र नियम** | **नैतिक मूल्य मान्यता र नियम** | **नैतिक मूल्य मान्यता र नियम** |
| | क) नैतिक नियम<br>ख) सामाजिक नियमको पालना<br>ग) अनुशासन र मर्यादा<br>*प्रयोगात्मक कार्य* | क) नैतिक मूल्य मान्यताको परिचय<br>ख) बालअधिकार<br>ग) आफू र परिवारप्रतिको कर्तव्य<br>*प्रयोगात्मक कार्य* | क) नैतिक मूल्य मान्यताको महत्व<br>ख) असल व्यवहार<br>ग) समाज र राष्ट्रप्रतिको कर्तव्य<br>*प्रयोगात्मक कार्य* |
| ७. | **प्राकृतिक सम्पदा र स्रोत** | **प्राकृतिक सम्पदा र स्रोत** | **प्राकृतिक सम्पदा र स्रोत** |
| | क) घर वरिपरिका बोटविरुवाको परिचय<br>ख) खोलानाला<br>ग) पोखरी<br>प्रयोगात्मक कार्य | क) हाम्रा वरीपरीका प्राकृतिक बनस्पती<br>ख) खोलनालाका परिचय<br>ग) पोखरी, डाँडा<br>प्रयोगात्मक कार्य | क) प्राकृतिक वनस्पति<br>ख) खोलानाला महत्व<br>ग) प्रमुख पोखरी, प्रसिद्ध डाँडा/पर्वत<br>प्रयोगात्मक कार्य |
| ८. | **शान्ति सुरक्षाः हाम्रो समुदाय र प्रहरी** | **शान्ति सुरक्षाः हाम्रो समुदाय र प्रहरी** | **शान्ति सुरक्षाः हाम्रो समुदाय र प्रहरी** |
| | क) प्रहरी हाम्रा साथी<br>ख) प्रहरीको भूमिका<br>ग) प्रहरी र हाम्रो समुदाय<br>*प्रयोगात्मक कार्य* | क) हाम्रा प्रहरी र हामी<br>ख) प्रहरी र सुरक्षा<br>ग) प्रहरी र समुदायको अन्तरसम्बन्ध<br>*प्रयोगात्मक कार्य* | क) नगर (सामुदायिक) प्रहरी<br>ख) समुदाय प्रहरी साझेदारी<br>ग) प्रहरी र विद्यार्थी<br>*प्रयोगात्मक कार्य* |
| ९. | **हाम्रो पर्यटन** | **हाम्रो पर्यटन** | **हाम्रो पर्यटन** |
| | क) पर्यटनको अर्थ<br>ख) परिचय<br>ग) हाम्रो परिचय<br>प्रयोगात्मक कार्य | क) पर्यटनको परिचय<br>ख) पर्यटक<br>ग) पर्यटन र पर्यटक<br>प्रयोगात्मक कार्य | क) पर्यटनको महत्व<br>ख) पर्यटन व्यवसाय<br>ग) पर्यटन र पर्यटकको सम्बन्धमा<br>प्रयोगात्मक कार्य |

**विषयवस्तुको क्षेत्र र क्रम**

| | कक्षा ४ | कक्षा ५ | कक्षा ६ |
|---|---|---|---|
| **क्र.सं.** | **विषयवस्तु** | **विषयवस्तु** | **विषयवस्तु** |
| १ | **हाम्रो नगरपालिका र स्थानीय सरकार** | **हाम्रो नगरपालिका र स्थानीय सरकार** | **हाम्रो नगरपालिका र स्थानीय सरकार** |
| | क) नगरपालिकाको भौगोलिक अवस्था<br>ख) नगरपालिकाका मौलिक विशेषताहरू<br>ग) स्थानीय सरकारको परिचय<br>घ) स्थानीय वडा सरकारको गठन प्रक्रिया<br>ङ) स्थानीय विकासका गतिविधिहरू<br>*प्रयोगात्मक कार्य (परियोजना कार्यका रूपमा प्रस्तुत गर्ने)* | क) नगरपालिकाको सामाजिक सांस्कृतिक अवस्था<br>ख) स्थानीय नगर सरकारको गठन प्रक्रिया<br>ग) स्थानीय सरकारको महत्व र आवश्यकता<br>घ) स्थानीय विकास निर्माणका गतिविधिहरू<br>ङ) विकास निर्माणमा आर्थिक पक्षको भूमिका<br>*प्रयोगात्मक कार्य (परियोजना कार्यका रूपमा प्रस्तुत गर्ने)* | क) नगरपालिकाको विशिष्ट भौगोलिक अवस्था<br>ख) नगर शिक्षा कार्यालय<br>ग) नगरपालिकाको शैक्षिक अवस्था<br>घ) स्थानीय सरकारका शैक्षिक गतिविधिहरू<br>ङ) स्थानीय सरकारका भौतिक गतिविधिहरू<br>*प्रयोगात्मक कार्य (परियोजना कार्यका रूपमा प्रस्तुत गर्ने)* |
| २ | **समाजः धर्म र जातजाति** | **समाजः धर्म र जातजाति** | **समाजः धर्म र जातजाति** |
| | क) समाजको महत्व र विशेषता<br>ख) मठमन्दिरहरू<br>ग) चाडपर्वहरू<br>घ) जात्रा तथा उत्सव<br>ङ) मौलिक संस्कृति र यसको महत्व<br>*प्रयोगात्मक कार्य (परियोजना कार्यका रूपमा प्रस्तुत गर्ने)* | क) स्थानीय समाजका मौलिक विशेषताहरू<br>ख) हाम्रा मठमन्दिरहरू<br>ग) हाम्रा चाडपर्वहरू<br>घ) जात्रा तथा उत्सव<br>ङ) मौलिक संस्कृतिको जर्गेना<br>*प्रयोगात्मक कार्य (परियोजना कार्यका रूपमा प्रस्तुत गर्ने)* | क) हाम्रा ऐतिहासिक महत्वका क्षेत्र<br>ख) हाम्रा धार्मिक तथा सांस्कृतिक महत्वका क्षेत्र<br>ग) धार्मिक सम्पदाको महत्व र उपयोगिता<br>घ) हाम्रा धार्मिक धरोहरहरू<br>ङ) हाम्रा चाडपर्वहरू<br>*प्रयोगात्मक कार्य (परियोजना कार्यका रूपमा प्रस्तुत गर्ने)* |
| ३ | **वातावरण, सरसफाइ र कृषि** | **वातावरण, सरसफाइ र कृषि** | **वातावरण, सरसफाइ र कृषि** |

| | | | |
|---|---|---|---|
| | क) वातावरणीय सरसफाइको महत्व<br>ख) फोहोरमैलाको सङ्कलन र वर्गीकरण<br>ग) फोहोरमैलाबाट मल उत्पादन<br>घ) हरियाली र यसको महत्व<br>*प्रयोगात्मक कार्य (परियोजना कार्यका रूपमा प्रस्तुत गर्ने)* | क) स्वस्थ वातावरण, स्वस्थ जीवन<br>ख) फोहोरमैला व्यवस्थापनका उपायहरू<br>ग) करेसाबारी र नगदेबाली कौसी खेती<br>घ) अर्गानिक खेती र यसको महत्व<br>*प्रयोगात्मक कार्य (परियोजना कार्यका रूपमा प्रस्तुत गर्ने)* | क) सरसफाइ र हरियाली<br>ख) फोहोरमैलाका स्रोतहरू<br>ग) कम्पोस्ट तथा प्राङ्गारिक मल उत्पादन<br>घ) पुन : प्रयोग र विसर्जन<br>ङ) घरायसी कृषिमा विषादीको प्रयोग र यसको असर<br>च) चिया र अलैंचीखेती<br>*प्रयोगात्मक कार्य (परियोजना कार्यका रूपमा प्रस्तुत गर्ने)* |
| ४ | **हाम्रो स्वास्थ्य, योगासन, ध्यान तथा खानपान** | **हाम्रो स्वास्थ्य, योगासन, ध्यान तथा खानपान** | **हाम्रो स्वास्थ्य, योगासन, ध्यान तथा खानपान** |
| | क) हाम्रो मौलिक खानपान<br>ख) योगासन, ध्यान र खानपान<br>ग) योगासन र ध्यानको महत्व<br>घ) योगासन र ध्यान<br>*प्रयोगात्मक कार्य (प्रयोग, परियोजना, अभ्यास)* | क) सन्तुलित भोजन<br>ख) भोजन र योग<br>ग) योगासन र ध्यानका फाइदाहरू<br>घ) योगासन र ध्यान<br>*प्रयोगात्मक कार्य (परियोजना, प्रयोग, अभ्यास)* | क) योगासन, ध्यान र आहार विहार<br>ख) योगासनका प्रकार<br>ग) योगासन र ध्यान<br>घ) न्यून गुणस्तरीय खाद्य सामग्रीको प्रयोग र यसको असर<br>*प्रयोगात्मक कार्य (परियोजना, प्रयोग, अवलोकन)* |
| ५ | **सुरक्षा र विपद् व्यवस्थापन** | **सुरक्षा र विपद् व्यवस्थापन** | **सुरक्षा र विपद् व्यवस्थापन** |
| | क) विपद्का प्रकार : प्राकृतिक र मानवसिर्जित<br>ख) प्राकृतिक विपद्का कारण र असर<br>ग) मानव सिर्जित विपदका कारण र असर<br>*प्रयोगात्मक कार्य (परियोजना, क्षेत्र भ्रमण, अवलोकन)* | क) प्राकृतिक विपद्का रूपहरू ( बाढी/पहिरो/हावाहुरी)<br>ख) प्राकृतिक विपद्को व्यवस्थापन<br>ग) मानव सिर्जित विपद् र यसको न्यूनीकरण<br>*प्रयोगात्मक कार्य (परियोजना कार्य/अवलोकन)* | क) विपद्को परिचय<br>ख) प्राकृतिक विपद्का रूपहरू<br>ग) मावन सिर्जित विपद्का कारण र असर<br>घ) विपद् र सचेतना कार्यक्रम<br>*प्रयोगात्मक कार्य (परियोजना, अवलोकन)* |

| | | | |
|---|---|---|---|
| ६ | **नैतिक मूल्य मान्यता र नियम** | **नैतिक मूल्य मान्यता र नियम** | **नैतिक मूल्य मान्यता  र नियम** |
| | क) अभिभावकप्रतिको मर्यादा<br>ख) अभिभावक हाम्रा संरक्षक<br>ग) पारिवारिक मेल र सहकार्य<br>*प्रयोगात्मक कार्य (परियोजना)* | क) अभिभावकप्रति हाम्रो मर्यादा र सम्मान<br>ख) अभिभावक हाम्रा आदर्श<br>ग) आपसी सम्मान र माया<br>*प्रयोगात्मक कार्य (परियोजना, अवलोकन)* | क) अनुशासन<br>ख) नैतिक आचरण<br>ग) सभ्य नागरिक र समाज<br>घ) परिवार र समाजप्रतिको भूमिका<br>*प्रयोगात्मक कार्य (परियोजना, अवलोकन)* |
| ७. | **हाम्रा प्राकृतिक सम्पदा र स्रोत** | **हाम्रा प्राकृतिक सम्पदा र स्रोत** | **हाम्रा प्राकृतिक सम्पदा र स्रोत** |
| | क) वनस्पतिहरु<br>ख) जडिबुटीहरु<br>ग) नदी, पोखरी र डाँडा<br>प्रयोगात्मक कार्य | क) वनस्पतिहरुको पहिचान<br>ख) जडिबुटीको चिनारी<br>ग) नदी, पोखरी र डाँडाको परिचय<br>प्रयोगात्मक कार्य | क) वनस्पतिको पहिचान र प्रयोग<br>ख) जडिबुटीको नाम र प्रयोग<br>ग) प्रसिद्ध पोखरी र डाँडाको उपयोग<br>प्रयोगात्मक कार्य |
| ८. | **शान्ति सुरक्षाः हाम्रो समुदाय र प्रहरी** | **शान्ति सुरक्षाः हाम्रो समुदाय र प्रहरी** | **शान्ति सुरक्षाः हाम्रो समुदाय र प्रहरी** |
| | क) नगर प्रहरी र हामी<br>ख) हाम्रो सरोकार : सुरक्षा<br>ग) सामुदायिक प्रहरीको भूमिका<br>घ) प्रहरी र समुदायको सम्बन्ध<br>*प्रयोगात्मक कार्य (परियोजना कार्य)* | क) सामुदायिक प्रहरीको कर्तव्य<br>ख) समुदाय प्रहरी र साझेदारी<br>ग) समुदाय प्रहरी साझदारीका क्षेत्र<br>घ) प्रहरी र विद्यार्थी सहकार्य<br>*प्रयोगात्मक कार्य (परियोजना कार्य, सहयोग)* | क) समुदाय, प्रहरी र नागरिक समाज<br>ख) बालबालिका सुरक्षा<br>ग) मानव बेचबिखन र अपहरण<br>घ) समुदाय र प्रहरी सहकार्य तथा यसका क्षेत्र<br>*प्रयोगात्मक कार्य (परियोजना, सहयोग, समन्वय, सहकार्य, अवलोकन)* |
| ९. | **हाम्रो पर्यटन** | **हाम्रो पर्यटन** | **हाम्रो पर्यटन** |
| | क) हामी र हाम्रो पर्यटन<br>ख) पर्यटन व्यवसाय<br>ग) पर्यटकीय नगरी<br>*प्रयोगात्मक कार्य* | क) व्यवसायका रुपमा पर्यटन<br>ख) व्यवसायीका गुण<br>ग) व्यवसायीका कर्तव्य<br>*प्रयोगात्मक कार्य* | क) पर्यटन व्यवसायको भूमिका<br>ख) सेवामूलक व्यवसाय<br>ग) पर्यटकको कर्तव्य<br>घ) व्यवसायीका कर्तव्य र गुण<br>*प्रयोगात्मक कार्य* |

## विषयवस्तुको क्षेत्र र क्रम

| | कक्षा ७ | कक्षा ८ |
|---|---|---|
| क्र.सं. | **विषयवस्तु** | **विषयवस्तु** |
| १ | **हाम्रो नगरपालिका र स्थानीय सरकार** | **हाम्रो नगरपालिका र स्थानीय सरकार** |
| | क) नगरपालिकाको नामाकरण<br>ख) नगरपालिकाको ऐतिहासिक विशेषता<br>ग) सामाजिक रहनसहन<br>घ) स्थानीय सरकारका चालू योजना<br>ङ) स्थानीय उपभोक्ताका समस्या र समाधानका उपायहरू<br>*प्रयोगात्मक कार्य (परियोजना, भ्रमण, अवलोकनबाट श्रव्यदृश्य)* | क) नगरपालिकाको विशिष्ट पहिचान<br>ख) नगर न्यायिक समिति र यसको भूमिका<br>ग) नगरप्रमुख र उपप्रमुखको भूमिका<br>घ) स्थानीय औद्योगिक गतिविधिहरू<br>ङ) नगरपालिकाका रणनीतिक योजनाहरू<br>*प्रयोगात्मक कार्य (परियोजना, भ्रमण, अवलोकनबाट श्रव्यदृश्य)* |
| २ | **समाजः धर्म र जातजाति** | **समाजः धर्म र जातजाति** |
| | क) हाम्रा धार्मिक मूल्यमान्यताहरू<br>ख) सामाजिक संस्कार १ (जन्म-मृत्युसम्म श्राद्ध समेत)<br>ग) हाम्रा धार्मिक धरोहरहरू<br>घ) हाम्रा चाडपर्वहरू<br>*प्रयोगात्मक कार्य (परियोजना, भ्रमण, अवलोकन गरी श्रव्यदृश्य)* | क) सांस्कृतिक परम्परा र मूल्य मान्यता<br>ख) धार्मिक सहिष्णुता र यसको महत्व<br>ग) हाम्रा चाडपर्वहरू<br>घ) धार्मिक सांस्कृतिक विचलन र हाम्रो भूमिका<br>*प्रयोगात्मक कार्य (परियोजना, भ्रमण, अवलोकन गरी श्रव्यदृश्य)* |
| ३ | **वातावरण, सरसफाइ र कृषि** | **वातावरण, सरसफाइ र कृषि** |
| | क) सड्ने र नसड्ने फोहोरको उपयोग र सुरक्षित व्यवस्थापन<br>ख) सरसफाइ र फोहोर व्यवस्थापन निकायसँग सहकार्य<br>ग) हरित विद्यालय, हरित समुदाय<br>घ) स्वच्छ हराभरा नगरपालिका र वनस्पति<br>ङ) वृक्षरोपण, वन संरक्षण र व्यवस्थापन<br>च) चिया र अलैची खेती<br>*प्रयोगात्मक कार्य (भ्रमण, अवलोकन गरी परियोजना कार्य)* | क) सफा, स्वच्छ र हरियालीयुक्त विद्यालय र समुदाय<br>ख) फोहोरको पुनः प्रयोग र प्रशोधन<br>ग) सङ्गठित र व्यवस्थित फोहोरमैला व्यवस्थापन<br>घ) रासायनिक मल र विषादीको प्रतिस्थापन<br>ङ) आकासे पानीको सङ्कलन, संरक्षण र प्रयोग<br>च) प्रदूषण नियन्त्रणका उपायहरू<br>छ) चिया र अलैची खेतीका मुख्य क्षेत्र<br>*प्रयोगात्मक कार्य (भ्रमण, अवलोकन गरी परियोजना कार्य)* |

| | | |
|---|---|---|
| ४ | **हाम्रो स्वास्थ्य, योगासन, ध्यान तथा खानपान** | **हाम्रो स्वास्थ्य, योगासन, ध्यान तथा खानपान** |
| | क) योगसान र ध्यानको परम्परा<br>ख) योगासन तथा ध्यानको आवश्यकता, महत्व र अभ्यास<br>ग) पौष्टिक तत्वको संरक्षण<br>घ) हाम्रो स्वास्थ्यमा मिसावटयुक्त खाद्यपदार्थको दुष्प्रभाव<br>ङ) पौष्टिक तत्वयुक्त भोजन र मानव स्वास्थ्य<br>च) धूमपान र मद्यपान<br>*प्रयोगात्मक कार्य (परियोजना, अवलोकन, प्रयोग, अभ्यास)* | क) योगासन, ध्यान र मानव स्वास्थ्य<br>ख) योगासन तथा ध्यानको उपयोग र अभ्यास<br>ग) मानव स्वास्थ्य र योगासन तथा ध्यानको सम्बन्ध<br>घ) दुर्व्यसन (रूप र कारण)<br>ङ) दुर्व्यसनका असर र रोकथामका उपायहरू<br>च) दुर्व्यसन नियन्त्रणमा व्यक्ति, परिवार, समुदाय र सरकारको भूमिका<br>*प्रयोगात्मक कार्य (परियोजना, अवलोकन, प्रयोग, अभ्यास)* |
| ५ | **हाम्रो सुरक्षा र विपद् व्यवस्थापन** | **हाम्रो सुरक्षा र विपद् व्यवस्थापन** |
| | क) प्राकृतिक विपद्का असर र  समाधानका उपाय<br>ख) मानव सिर्जित विपद्का असर र समाधानका उपाय<br>ग) विपत् व्यवस्थापनमा सहकार्य<br>घ) विपत् व्यवस्थापनमा सहयोगी हातहरू<br>*प्रयोगात्मक कार्य (परियोजना, भ्रमण, अवलोकन)* | क) प्राकृतिक विपद्का रूपहरू<br>ख) मानव सिर्जित विपद्को न्यूनीकरण<br>ग) विपद् व्यवस्थापनमा पूर्वसतर्कता<br>घ) स्थानीय सरकारका विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू<br>*प्रयोगात्मक कार्य (परियोजना, भ्रमण, अवलोकन)* |
| ६ | **नैतिक मूल्य मान्यता र नियम** | **नैतिक मूल्य मान्यता  र नियम** |
| | क) आत्मानुशासन : महत्व र आवश्यकता<br>ख) चरित्र निर्माणमा अनुशासन<br>ग) व्यक्तिको सर्वाङ्गीण विकासमा अनुशासन<br>घ) परिवार र समुदायको विकासमा अनुशासन<br>*प्रयोगात्मक कार्य (परियोजना र अवलोकन)* | क) असल व्यक्तिका जिम्मेवारी र भूमिका<br>ख) समाजको विकासमा नागरिकको भूमिका<br>ग) सामाजिक, सांस्कृतिक तथा राजनीतिक रूपान्तरणमा नागरिकको भूमिका<br>घ) सहअस्तित्व, समन्वय र सहकार्य<br>*प्रयोगात्मक कार्य (परियोजनात्मक श्रव्यदृश्य)* |
| ७. | **प्राकृतिक सम्पदा र स्रोत** | **७. प्राकृतिक सम्पदा र स्रोत** |
| | क) खास खास वनस्पतिको क्षेत्र<br>ख) जडिबुटीका क्षेत्रहरु<br>ग) वनस्पति र घाँसका आधारमा पशुपालन<br>घ) प्रमुख प्राकृतिक सम्पदा<br>*प्रयोगात्मक कार्य* | क) विशेषतायुक्त वनस्पति पाइने क्षेत्र<br>ख) महत्वपूर्ण जडिबुटीका क्षेत्र<br>ग) वनस्पति र जडिबुटीका आधारमा पशुपालन<br>घ) विशिष्ट महत्व बोकेका सम्पदाहरु<br>*प्रयोगात्मक कार्य* |

| | | |
|---|---|---|
| ८. | **शान्ति सुरक्षाः हाम्रो समुदाय र प्रहरी** | **शान्ति सुरक्षाः हाम्रो समुदाय र प्रहरी** |
| | क) सामुदायिक प्रहरी र हाम्रो भूमिका<br>ख) सडक सुरक्षामा प्रहरी<br>ग) प्रतिबन्धित सरसामानको ओसारपसार र बिक्री वितरणमा निगरानी<br>घ) अपराध न्यूनीकरणमा समुदाय र प्रहरीको भूमिका<br>*प्रयोगात्मक कार्य (परियोजना, अवलोकन, निरीक्षण)* | क) समुदायको सुरक्षामा सामुदायिक प्रहरी<br>ख) सामुदायिक असुरक्षा र यसको न्यूनीकरण<br>ग) विपद् व्यवस्थापनमा प्रहरी<br>घ) समुदाय प्रहरी साझेदारीका उपलब्धि<br>*प्रयोगात्मक कार्य (परियोजना, अवलोकन, निरीक्षण)* |
| ९. | **हाम्रो पर्यटन** | **हाम्रो पर्यटन** |
| | क) पर्यटक र पर्यटन व्यवसाय<br>ख) पर्यटन व्यवसाय र अन्य व्यवसायको सम्बन्ध<br>ग) पर्यटक गाइड र होमस्टे<br>घ) नगरको विकासमा पर्यटन व्यवसायको योगदान<br>प्रयोगात्मक कार्य | क) नगरको विकासमा पर्यटन व्यवसायको योगदान<br>ख) रोजगारीको अवसर सिर्जना<br>ग) होमस्टे र पर्यटक गाइड<br>घ) स्थानीय संस्कृतिको विकास र मनोरञ्जन<br>प्रयोगात्मक कार्य |

## पाठ्यभार

स्थानीय पाठ्यक्रम सङ्घीय कानुनले परिकल्पना गरेको योजना वा कार्ययोजना हो । यसले राष्ट्रिय सरोकारका विषय सामग्रीलाई भन्दा पनि स्थानीय स्तरका तर महत्वपूर्ण अर्थ र भूमिका भएका र महत्व राख्ने विषयलाई प्राथमिकता दिएर राष्ट्रिय पाठ्यक्रमको ढाँचा र प्रारूपमा मेल खाने गरी संयोजन गरेर सिपमूलक तथा व्यवसायपरक बनाउने परिकल्पना गरेको छ । यही मर्मलाई आत्मसात् गरी सूर्योदय नगरपालिकाले स्थानीय पाठ्यक्रमको ढाँचा वा खाका प्रस्तुत गरेको हो ।

यस पाठ्यक्रममा कक्षा १-३ का लागि साप्ताहिक ५ पाठ्यघण्टा र वार्षिक १६० घण्टा पाठ्यभार निर्धारण गरिएको छ । त्यसैगरी कक्षा ४-८ मा साप्ताहिक ४ पाठ्यघण्टा र वार्षिक १२८ पाठ्यघण्टा निर्धारण गरिएको छ । पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ क्रेडिट आवर (पाठ्यघण्टा) मानिएको छ ।

**कक्षा १-३**

| क्र.सं. | एकाइको नाम | पाठ्यघण्टा | कैफियत |
|---|---|---|---|
| १ | हाम्रो नगरपालिका र स्थानीय सरकार | १५ | लचिलो बनाउने |
| २ | समाजः धर्म र जातजाति | १५ | |
| ३ | हाम्रो वातावरण र सरसफाइ | १५ | |
| ४ | हाम्रो स्वास्थ्यः योगासन, ध्यान तथा खानपान | १५ | |
| ५ | हाम्रो सुरक्षा र विपद् व्यवस्थापन | १५ | |
| ६ | नैतिक मूल्यमान्यता र नियम | १५ | |
| ७. | प्राकृतिक सम्पदा र स्रोत | १५ | |
| ८. | शान्तिसुरक्षाः हाम्रो समुदाय र प्रहरी | १५ | |
| ९. | हाम्रो पर्यटन | १५ | |
| | | | |
| | **जम्मा पाठ्यघण्टा** | **१६०** | |

**कक्षा ४-८**

| क्र.सं. | एकाइको नाम | पाठ्यघण्टा | कैफियत |
|---|---|---|---|
| १ | हाम्रो नगरपालिका र स्थानीय सरकार | १५ | लचिलो बनाउने |
| २ | हाम्रो समाजः धर्म र जातजाति | १० | |
| ३ | हाम्रो वातावरण, सरसफाइ, वनस्पति र कृषि | १० | |
| ४ | हाम्रो स्वास्थ्य योगासन, ध्यान र खानपान | १० | |
| ५ | हाम्रो सुरक्षा र विपद् व्यवस्थापन | १० | |
| ६ | नैतिक मूल्य मान्यता र नियम | १० | |
| ७. | प्राकृतिक सम्पदा र स्रोत | १५ | |
| ८. | शान्तिसुरक्षाः हाम्रो समुदाय र प्रहरी | १० | |
| ९. | हाम्रो पर्यटन | १० | |
| | **जम्मा पाठ्यघण्टा** | **१२८** | |

## सिकाइ सहजीकरण प्रक्रिया

यस स्थानीय पाठ्यक्रम '**पर्यटकीय नगरी सूर्योदय**' का क्षेत्रलाई विभिन्न सात ओटा विषय क्षेत्रमा प्रस्तुत गरिएको छ । यसमा समावेश भएका विषय सामग्रीहरूलाई विषयको प्रकृतिका आधारमा प्रयुक्त सबै सामग्रीलाई प्राथमिकतापूर्वक उत्तिकै महत्व दिनुपर्ने हुन्छ । भाषाका विषयमा जस्तै यस पाठ्यक्रमले परिकल्पना गरेको विषयमा पनि ज्ञान, सिप र धारणा तिनै पक्षलाई समेट्नु पर्दछ । विषयवस्तुको व्यावहारिक ज्ञान दिन विषय शीषर्कअनुसार अध्ययन, अवलोकन, भ्रमण र निरीक्षणका काममा लगाउनु पर्छ । यस स्थानीय पाठ्यक्रमको अपेक्षा आफ्नास्थान विशेषलाई समान महत्व दिएर सिकाउनु रहेको छ । अत : विद्यार्थीमा रहेको रचनात्मक तथा सिर्जनात्मक क्षमता प्रस्फुटन हुने गरी व्यावहारिक ढङ्गले निर्धारित ढाँचाको कार्ययोजना बनाएर सिकाउनु पर्ने हुन्छ । यसका लागि विभिन्न विधि अवलम्बन गरेर सिकाउनु आवश्यक हुन्छ । यस सम्बन्धी केही नमुना विधिहरू यसप्रकार छन् :

### १) प्रश्नोत्तर विधि

विषयवस्तुको परिधिमा रहेर शिक्षक विद्यार्थी तथा विद्यार्थी विद्यार्थीबिच प्रश्नोत्तर विधिको उपयोग गरेर सिकाउने/सिकाइन्छ । यो विधिको प्रयोगले सिकारु सहभागिता बढ्छ जसले सिकाइ दिगो रहन्छ ।

### २) प्रदर्शन विधि

विषयवस्तुको केन्द्रमा रहेर विद्यार्थीलाई ज्ञान, सिप र धारणा बसाउन सहयोग गर्ने वा पुग्ने गरी प्रदर्शन विधिको प्रयोगबाट सिकाइ गतिविधि अगाडि बढाउने/बढाइन्छ । यसले सिकाइमा सहजता र प्राकृतिकता ल्याउँछ जसले सिकाइ प्रभावकारी बन्छ ।

### ३) समस्या समाधान विधि

विषयवस्तुको केन्द्रमा रहेर समस्या दिने र उक्त समस्याको समाधान गर्न सिकाउने गतिविधि यसमा अवलम्बन गरिन्छ । यसले सिकारुमा समस्यासँग जुध्ने क्षमता विकास गराउँछ ।

### ४) अवलोकन विधि

विषयवस्तुको प्रकृतिका आधारमा अवलोकन गर्न सकिने र मिल्ने भए अवलोकनका माध्यमबाट सिकाउने गरिन्छ । यसरी सिकाइ गतिविधि सञ्चालन गर्दा सिकाइमा सहज हुन्छ ।

**५) छलफल विधि**

समूहमा वा व्यक्तिका बिच परस्पर छलफल गर्न लगाइ सिकाइ क्रियाकलाप सम्पन्न गर्न प्रेरित गर्ने विधि नै छलफल विधि भएकोले वास्तविक तथ्य सङ्कलन गर्न छलफल विधिको उपयोग गरेर सिकाइन्छ । यसले पनि सिकाइ दिगो बन्नमा सहयोग गर्छ ।

**६) अभिनय विधि**

चरित्र चित्रण तथा व्यक्तित्वसँग सम्बन्धित सामग्री भए अभिनय विधिबाट सिकाइन्छ । अभिनय सिकाइमा अझ प्रभाव वा गति थप्ने विधि हो ।

**७) खोज विधि**

सिकाइ क्रियाकलापलाई प्रभावकारी र दिगो बनाउन उपयोग हुने अर्को प्रमुख विधिको रूपमा खोज विधिलाई लिइन्छ । खोज विधिमा सामग्रीको खोजलाई उच्च प्राथमिकता दिइन्छ । यसमा विषयवस्तु पनि खोजिन्छ ।

**८) परियोजना कार्य विधि**

परियोजना कार्य विधिको प्रयोगले कुनै पनि कार्य समूहमा वा एकल कुनै तरिकाबाट कसरी सहजै सम्पन्न गर्न सकिन्छ भन्ने कुरालाई उच्च प्राथमिकता दिएर गरिन्छ । विद्यार्थीहरूलाई गर्न पनि लगाइन्छ । काम, समय र व्यक्तिको सङ्ख्यालाई परियोजनामा विशेष महत्व दिइन्छ । विषयवस्तुको प्रकृति विद्यार्थीको उमेर समूह, सिकाइ स्तर, स्थानीय परिवेशजस्ता पक्षमा यस विधिमा विशेष ख्याल गरिन्छ ।

**९) वाचन/कथाकथन विधि**

कुनै पनि विषयवस्तुलाई कथात्मक शैलीमा प्रस्तुत गर्न सिकाउने कला वा विधि नै कथाकथन विधि हो । यसलाई वाचन विधि पनि भनिन्छ । घटनाहरूको तारतम्यता वा कलात्मक प्रस्तुति गराउन वा गर्न लगाउन यो विधि अनिवार्य मानिन्छ ।

### १०) घटना अध्ययन विधि

घटना अध्ययनमा समाजका सामाजिक विषयसँग सम्बद्ध घटनाहरू पर्दछन् । यसमा विविध विषयवस्तुहरू पर्न सक्छन् । होची अर्घेली वा घटना दुर्घटनाका विषय पनि हुन सक्छन् । जुनसुकै प्रकृतिका विषय भए पनि तिनको अध्ययन गरी चित्त बुझ्दो निष्कर्षमा पुग्ने गरी घटनाहरूको अध्ययन र निचोड गर्न प्रेरित गर्ने र सोही आधारमा घटनाको व्यवस्थापन गर्न सिकाउनु नै घटना अध्ययन विधि हो ।

### ११) क्षेत्र भ्रमण

क्षेत्र भ्रमण (Field Trip) अन्तर्गत विद्यार्थीहरूले आफ्नापाठ्यवस्तुसँग सम्बन्धित रहेर कुनै निश्चित क्षेत्रको भ्रमण गरी प्रत्यक्ष रूपमा विषयको अनुसन्धनात्मक अध्ययन गर्दछन् । क्षेत्र भ्रमणले शिक्षक तथा विद्यार्थी दुवैलाई नियमित रूपमा कक्षाकोठामा हुने पठनपाठनबाट बाहिर जाने मौका प्रदान गर्ने हुँदा छुट्टै अनुभव र आनन्द दिन्छ । यसरी विद्यालय बाहिर गइने हुँदा सिकाइ पनि हुन्छ । यसका निम्नानुसारका ३ मुख्य चरणहरू हुन्छन् :

**पहिलो चरण :** यस चरणमा भ्रमणको तयारी हुन्छ जसअन्तर्गत शिक्षकले विद्यार्थीहरूलाई विषयवस्तु तथा गन्तव्यको परिचय गराई आवश्यक तयारी गर्छन्/गर्न लगाउँछन् ।

**दोस्रो चरण :** यस चरणमा शिक्षकको नेतृत्वमा विद्यार्थीहरू निर्दिष्ट गन्तव्य (क्षेत्र) मा पुग्दछन् र अवलोकन तथा अन्तर्क्रिया गर्दछन् ।

**तेस्रो चरण :** भ्रमण सकिएपछि आउने यस चरणमा सहभागीले भ्रमणबाट प्राप्त तथ्यतथ्याङ्कका विषयमा छलफल गरी निष्कर्ष निकाल्छन् । यसका अतिरिक्त शिक्षकले विद्यार्थीहरूलाई विभिन्न प्रश्न सोधी उत्तर खोज्ने र छलफल गर्ने पनि गर्दछन् ।

अध्ययन विश्लेषणका क्रममा माथि उल्लेख गरिएका विधिहरूभन्दा बाहेक अन्य विधिहरूको पनि चर्चा गरिएको पाइन्छ । यस्ता विधिहरूले पनि सिकाइको गतिमा विस्तार र विकास गर्न योगदान गर्दछन् । केही फरक चिन्तनपरक विधिहरू पनि वर्तमान अवस्थामा व्यवहार र प्रयोगमा आएका छन् ।

**समालोचनात्मक चिन्तनपरक विधिहरू**

गुण-दोषका आधारमा तथ्यहरू केलाउँदै सिकाउन प्रेरित गर्ने विधिलाई नवीनतम् विधिका रूपमा समालोचनात्मक विधि भनिन्छ । यो विधि सिकाइमा पछिल्लो समय प्रयोगमा आएको नौलो विधि हो । यसभित्र पनि विभिन्न विधिहरू पर्दछन् ।

## क) मस्तिष्क मन्थन (Brain Storming)

A method for generating many ideas about a topic विद्यार्थीलाई सबै किसिमले सबै कुरा सोच्न प्रेरित गर्ने विधि मस्तिष्क मन्थन विधि हो । यो कुनै पनि आग्रह पूर्वाग्रह नराखी कार्यसम्पादन गर्ने विधि हो । यसका चरणहरू निम्न छन् :

**प्रथम चरण** : सम्पूर्ण कक्षालाई मस्तिष्क मन्थनका विषयमा जानकारी गराउने ।

**दोस्रो चरण** : समस्या वा पाठ बुझिने गरी बताउने ।

**तेस्रो चरण** : निश्चित समय तोकेर विद्यार्थीलाई समस्या समाधान गर्न लगाउने ।

**चौथो चरण** : समस्या समाधानका उपाय बताउन विद्यार्थीलाई प्रेरित गर्ने, विचारलाई सम्मान गर्न भन्ने, थप कुरा राख्न भन्ने ।

**पाँचौ चरण** : उनीहरूले भनेका कुरा टिप्ने ।

**छैटौँ चरण** : अन्तमा विद्यार्थीलाई एक्लाएक्लै वा समूहमा विचार मन्थन गर्न लगाउने ।

## ख) सङ्गठित सिंहावलोकन (Structure Overview)

छोटो समयमा सिकारुमा उत्सुकता जगाउन गरिने वा दिइने व्याख्यान नै सङ्गठित सिंहावलोकन हो । यसका चरणहरू निम्नलिखित छन् :

**पहिलो चरण :**

पाठका विषयमा चाख लाग्दा र सिकारुपरक विषयवस्तु बुझेर उनीहरूलाई भन्न लगाउने । पाठको अवधारणा र खास शब्दका विषयमा विवरण तयार गर्ने ।

**दोस्रो चरण :**

सिकारुको ध्यान तान्ने खालका नक्सा, चित्र, तालिका आदि कक्षामा लिएर जाने ।

**तेस्रो चरण :**

छोटो समय (पाँच मिनेट) मा प्रस्तुत गर्न सकिने मुख्य बुँदा भएको प्रस्तुति तयार गर्ने ।

**चौथो चरण**

विद्यार्थीलाई व्यस्त र अन्तरक्रियात्मक बनाउनुका साथै प्रश्नोत्तर गर्ने र टिप्पणी गर्दै हौसला दिने ।

**पाँचौँ चरण :**

केही सान्दर्भिक विषय पछि बताउँला भन्दै प्रस्तुति अन्त्य गर्ने जसले उनीहरूमा उत्सुकता जगाओस् ।

## जिग्सअ (Jigsaw)

जिग्सअ विधिलाई सहयोगात्मक विधि पनि भनिन्छ । एक आपसमा सहयोग गरेर सिकिने र सिक्न सकिने कुरालाई आधुनिक नवीन चिन्तनका रूपमा स्वीकार गरिएको छ । यसमा विज्ञ समूह र मातृसमूह रहन्छ । विज्ञ समूह मातृ समूह र मातृ समूह विज्ञ समूह भएर आफ्नो सिकाइ अनुभव आदानप्रदान गर्ने हुँदा यो विधि सिकाइका दृष्टिले उत्तम मानिन्छ । यस विधिका प्रक्रियागत चरण यसप्रकार छन् :

**पहिलो चरण**

विज्ञ समूहका लागि शिक्षकले प्रश्न निर्माण गर्छन् । यो तयारी गर्दा हरेक समूहका लागि प्रश्न सेट तयार गरिन्छ र प्रश्न बनाउँदा तोकिएको पाठ्यांशबाट बनाइन्छ ।

**दोस्रो चरण :**

- शिक्षकले ४/५ जनाको समूह बनाई विद्यार्थीलाई मातृ समूहमा बस्न लगाउने ।
- एक आपसमा घुलमिल हुने र सौहार्द्रपूर्ण व्यवहार प्रदर्शन गर्ने परिवेश तयार गर्ने ।

**तेस्रो चरण**

शिक्षकले मातृ समूहका विद्यार्थीलाई विज्ञ समूहमा मिलेर काम गर्न लगाउने । मातृसमूहका कम्तिमा एक एक जनालाई विज्ञ समूहमा नेताको छनोट गर्ने ।

**चौथो चरण**

शिक्षकले प्रत्येक समूहलाई आफ्नासमूहमा परेको प्रश्नको उत्तर खोज्न लगाउने । विज्ञ समूहमा रहेर प्राप्त गरेको सूचना मातृ समूहमा गएर कसरी प्रस्तुत गर्ने भन्ने तयारी गर्ने । समस्या भए शिक्षकले सहयोग गर्ने ।

**पाँचौँ चरण**

विज्ञ समूहमा रहेर आर्जन गरेको ज्ञान मातृ समूहमा फर्केर प्रयोग गर्ने । निश्चित समयभित्र छलफल गरी टुङ्गोमा पुग्ने र आफ्नाविज्ञता प्रस्तुत गर्ने मौका दिइने । यसमा छलफल र प्रश्नोत्तरले विशेष प्राथमिकता पाउने ।

## सोच जोडीमा छलफल आदान प्रदान (Think, Pair-Share)

समान सोच भएका जोडीहरू बनाउन र तिनका माध्यमबाट सिकाइमा लगाव बढाइ पाठप्रति उत्सुकता जगाउन यो विधि उपयोगी मानिन्छ । सिर्जनशील छलफल गर्न र चिन्तन विकास गर्न यो विधि अवलम्बन गरिन्छ । यसका चरणहरू निम्न छन् :

**पहिलो चरण**

शिक्षकले दिएका प्रश्नका विषयमा तोकिएको समयभित्र सोच विचार गर्ने ।

**दोस्रो चरण**

आफ्नाजोडीसँग छलफल गरेर साझा विचार बनाउने ।

**तेस्रो चरण**

सबै जोडीले आफ्नो  विचार सबैसँग प्रस्तुत गर्ने । प्रस्तुत भएका विचार टिपोट गर्ने ।

## सङ्क्षिप्त/द्रुत लेखन (Quick Write)

छलफल गरिएका र गरिने क्रममा आएका स्वतस्फूर्त रचनात्मक र सिर्जनात्मक असल विचारलाई तत्कालै टिपोट गर्न र त्यसलाई लिपिबद्ध गर्न यो विधि उपयोगी मानिन्छ । अनौपचारिक पक्ष भित्रका महत्वपूर्ण कुरालाई समेट्न यो विधि सर्वोपयोगी मानिन्छ । ५-१० मिनेटभित्र सम्पन्न गरिसक्नुपर्ने क्रियाकलापका लागि यस विधिलाई उपयोग गरिन्छ । यसका चरणहरू निम्न छन् :-

**पहिलो चरण**

आफूले दिन लागेको विषयमा विद्यार्थीहरूलाई छोटो विचार लेख भनेर बताउने र निर्दिष्ट समय सीमाभित्र निरन्तर लेख्न भन्ने ।

**दोस्रो चरण**

विद्यार्थीलाई लेख्नका लागि निर्दिष्ट विषय दिने ।

**तेस्रो चरण**

समय यकिन गरिदिने । यसले लेखनमा द्रुतता दिलाउन सहयोग गर्ने र समयमा काम फत्ते हुने हुन्छ ।

**चौथो चरण**

विद्यार्थीले तयार गरेको लेख प्रस्तुत गर्न लगाउने । यसरी प्रस्तुत भएका लेखमा आवश्यकता अनुसार परिमार्जन गरेर प्रकाशन योग्य बनाउन सकिने ।

## मान्यता (Value line)

मान्यतालाई सहयोगात्मक सिकाइ क्रियाकलापका रूपमा अर्थ्याइन्छ । अरुका फरक वा भिन्न विचार आउन सक्ने विषयमा विद्यार्थीलाई आफ्नो विचार राख्न लगाउन उपयोग गरिन्छ । विचार वा भनाइमा हुने सहमति वा असहमतिका बिचको विभेद कारणसहित प्रस्तुत गर्नु वा अरुका तथ्यपरक विचारको सम्मान गर्नु यसको प्रमुख पक्ष हो । यस किसिमको रचनात्मक र सिर्जनात्मक गुण विद्यार्थीमा हुनुपर्दछ । यस किसिमको अभ्यासले कुनै विषयमा ध्यान दिने, त्यसमा आफ्नाराय दिने, अरुका धारणा सुन्ने, तथ्य र तर्क पर्गेल्ने कारणसहित स्वीकार वा अस्वीकार गर्ने जस्ता पक्ष यसमा प्रमुख रहन्छन् । यसका चरणहरू निम्न छन् ।

**पहिलो चरण**

शिक्षकले कक्षालाई विपक्ष वा पक्षमा खडा हुने खालका प्रश्न सोध्ने । उत्तरका रूपमा प्राप्त तथ्य समर्थन वा विरोधका रूपमा प्रस्तुत हुने/हुनुपर्ने ।

**दोस्रो चरण**

हरेक विद्यार्थीले आफ्नातथ्य र तर्क स्वतन्त्र भएर टिपोट गर्ने वा लेख्ने ।

**तेस्रो चरण**

शिक्षक र विद्यार्थी विपरित दिशामा रहने र छलफल गर्न लागिएको विषय पनि विल्कुल उल्टो धारणा आउने प्रकृतिको रहेको/रहने/हुनुपर्ने ।

**चौथो चरण**

विद्यार्थीलाई आफ्नाराय वा मत मिल्ने समूहतिर लाग्न निर्देश गर्ने । यसले स्पष्ट रूपमा समूह बनाउने ।

**पाँचौ चरण**

आफ्नासमूहका विद्यार्थीलाई छलफल गर्न लगाउने । यदि मत फरक भए अर्को समूहमा पठाउने ।

**छैटौं चरण**

दुवै समूहका विद्यार्थीले तर्क र तथ्यका आधारमा छलफल जारी राख्ने ।

**सातौं चरण**

प्रत्येक समूहका प्रतिनिधि एक/एक जनालाई आफ्नो  विचार प्रस्तुत गर्न लगाउने । तथ्य र तर्कमा आधारित रहेर गरिएको विचारलाई मान्यता दिने ।

विद्यार्थीको सिकाइलाई प्रभावकारी बनाउन विद्यार्थी केन्द्रित विधिलाई प्राथमिकता दिएर सिकाइ अगाडि बढाउनुपर्छ । माथि उल्लेख गरिएका केही नयाँ विधिहरू हुन् वा पुराना विधि नै किन नहुन्, सबैमा विद्यार्थीको सक्रिय भूमिकाले महत्व पाउनुपर्छ । माथि उल्लेख गरिएका विधिहरू नमुनामात्र हुन् । यस्ता अन्य विधिहरू पनि उपयोगमा ल्याउन सकिन्छ ।